# निर्वाचन आचार संहिता, २०७२

# स्थानीय तह निर्वाचन आचार संहिता, २०७३

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

प्रकाशक : निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

प्रकाशन मिति : २०७६ कार्तिक

छपाइ भएको प्रति : २000

# विषयसूची


| | | |
|---|---|---|
| १. | निर्वाचन आचार संहिता, २०७२ | १-२४ |
| २. | स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ | २५-२८ |

# निर्वाचन आचार संहिता, २०७२

**प्रकाशित मिति : २०७२।०४।११**

## संशोधन

| | | |
|---|---|---|
| १. | निर्वाचन आचार संहिता (पहिलो संशोधन) | २०७३।०८।१२ |
| २. | निर्वाचन आचार संहिता (दोस्रो संशोधन) | २०७३।११।१७ |
| ३. | निर्वाचन आचार संहिता (तेस्रो संशोधन) | २०७४।०६।२३ |
| ४. | निर्वाचन आचार संहिता (चौथो संशोधन) | २०७४।०९।३० |
| ५. | निर्वाचन आचार संहिता (पाँचौं संशोधन) | २०७४।११।२२ |

**प्रस्तावना** : निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी आयोगले सरोकारवालासँग परामर्श गरी यो आचार संहिता बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम “निर्वाचन आचार संहिता, २०७२” रहेको छ ।

$^{\Sigma}$(२) यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागू हुनेछ ।

---

$^{\Sigma}$ संवत् २०७४ साल माघ २९ गते हुने राष्ट्रपतिको निर्वाचनको प्रयोजनको लागि देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई मिति २०७४।११।२३ देखि यो आचार संहिता लागू गरिएको :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारको मन्त्री,

**२.** **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(क) "आमसञ्चार" भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालन भएका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ♦नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

∠(ग) "कर्मचारी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी एवं नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्था वा निकायका कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "गैरसरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम नेपालको सम्बन्धित निकायमा आवद्ध भई सञ्चालन

---

(ग) स्थानीय तह,
(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,
(ङ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
(च) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,
(छ) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,
(ज) निर्वाचनको काममा संलग्न कर्मचारी,
(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,
(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
(ट) सार्वजनिक पद धारणा गरेको व्यक्ति,
(ठ) पर्यवेक्षक,
(ड) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
(ढ) निजी तथा गैरसरकारी संस्था,
(ण) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी ।

♦ पहिलो संशोधनद्वारा संशोधित

∠ पाँचौं संशोधनद्वारा संशोधित

भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ङ) "निर्वाचन" भन्नाले प्रचलित कानून बमोजिम आयोगले गराउनुपर्ने निर्वाचन सम्झनु पर्छ र सो शब्दले जनमत संग्रह समेतलाई जनाउँछ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(छ) "पर्यवेक्षक" भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न आयोगबाट अनुमतिप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले आयोगबाट अनुमतिप्राप्त स्वदेशी वा विदेशी संस्थाबाट खटिएका व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "मतदाता" भन्नाले प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

⊇(ज१) "मन्त्री" भन्नाले नेपाल सरकारको हकमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री र प्रदेश सरकारको हकमा मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री सम्झनु पर्छ ।

(झ) "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मको समय सम्झनु पर्छ ।

(ञ) "राजनीतिक दल" भन्नाले ♦नेपालको संविधानको धारा २७१ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल ♣सम्झनु पर्छ र सो शब्दले धारा

---

⊇ पाँचौं संशोधनद्वारा थप

♣ दोस्रो संशोधनद्वारा संशोधित

२६९ बमोजिम दर्ता भएका राजनीतिक दललाई समेत जनाउँछ ।

(ट) "सम्बन्धित व्यक्ति" भन्नाले उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निर्वाचन प्रचार प्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधि वा राजनीतिक दल वा सोको भ्रातृ संगठनको सदस्य वा कार्यकर्तालाई समेत जनाउँछ ।

(ठ) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन सम्झनु पर्छ, सो शब्दले साइकल, रिक्सा, गाडा र त्यस्तै प्रकृतिका अन्य सवारी साधनलाई समेत जनाउँछ ।

(ड) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालना गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउँछ ।

(ढ) "सार्वजनिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक संस्था भनी तोकिएका कुनै संस्था सम्झनु पर्छ ।

♣३. **आचार संहिता लागू हुने :** (१) यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

∠(ख) प्रदेश सरकार र प्रदेश सरकारको मन्त्री,

---

♣ दोस्रो संशोधनद्वारा संशोधित

∠ पाँचौं संशोधनद्वारा संशोधित

⊇(ख१) स्थानीय तह,

(ग) ⊇नेपाल सरकार, प्रदेश सरकार र ℘स्थानीय तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,

(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ञ) सार्वजनिक पद धारणा गरेको व्यक्ति,

(ट) पर्यवेक्षक,

(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ड) निजी तथा गैरसरकारी संस्था,

∅(ड१) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी,

(ढ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

(२) आयोगले उपदफा (१) बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग-अलग मितिदेखि यो आचार संहिता लागू हुने गरी तोक्न सक्नेछ ।

---

⊇ पाँचौं संशोधनद्वारा थप

℘ तेस्रो संशोधनद्वारा संशोधित

∅ तेस्रो संशोधनद्वारा थप

## परिच्छेद–२

## उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

४. **सामान्य आचरण :** उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण देहायबमोजिम रहेका छन् :-

(क) धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,

(ख) उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने,

तर उम्मेदवार वा राजनीतिक दलको सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामको बारेमा आलोचना गर्न बाधा पर्ने छैन ।

(ग) कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(घ) प्रचलित कानून बमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने,

(ङ) उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, ∠प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

(च) मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने,

(छ) आयोगद्वारा सञ्चालित मतदाता नामावली संकलन, मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी त्यस्ता कार्यक्रमसँग

---

∠ पाँचौं संशोधनद्वारा संशोधित

सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

(ज) कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचनसम्बन्धी प्रचार-प्रसार गर्न वा गराउन नहुने,

∅(ज१) उम्मेदवार वा राजनीतिक दलको ⊇नाम वा निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, टि-सर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

(झ) निर्वाचनसम्बन्धी प्रचार-प्रसारको लागि धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचनालगायत कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन नहुने,

(ञ) निजी घरजग्गामा त्यस्तो घर जग्गाधनीको स्वीकृति नलिई राजनीतिक गतिविधि वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ट) महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ठ) अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ड) निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

---

∅ तेस्रो संशोधनद्वारा थप

⊇ पाँचौं संशोधनद्वारा थप

(ढ) प्रचलित कानून बमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ण) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(त) उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको परिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न नहुने ।

**५.** **विषयगत आचरण :** उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विषयगत आचरण देहायबमोजिम रहेका छन् :-

**(क) जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला गर्दा पालना गर्नुपर्ने आचरण :**

(१) नागरिक वा व्यक्तिको स्वतन्त्रतासम्बन्धी हकको हनन नहुने गरी सभ्य तरिकाले जुलुस तथा आमसभा गर्नु पर्ने तथा कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन नहुने,

(२) स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्न वा गराउन नहुने,

(३) उम्मेदवार वा राजनीतिक दलले जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्नु अघि सुरक्षा प्रवन्धको लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानको बारेमा कम्तिमा ४८ घण्टा अगावै जानकारी गराउनु पर्ने,

(४) उम्मेदवार वा राजनीतिक दलले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा

३ फिट × ५ फिट भन्दा ठूलो आकारको ब्यानर वा झण्डा प्रयोग गर्न वा गराउन नहुने,

(५) उम्मेदवारले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा ३ फिट × ३ फिट भन्दा ठूलो आकारको पोष्टरको प्रयोग गर्न वा गराउन नहुने,

(६) जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १० इन्च × १८ इन्च भन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न वा गराउन नहुने,

(७) उम्मेदवार वा राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुर्‍याउन नहुने,

(८) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला गर्न वा गराउन नहुने,

(९) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री जुलुस, आमसभा, र्‍याली, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न वा गराउन नहुने,

(१०) जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचार प्रसारका कार्यक्रम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने,

(११) मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला आयोजना गर्न, नारा लगाउन वा राजनीतिक दल वा त्यस्तो दलसँग आवद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह वा प्रचार प्रसार हुने कुनै सामग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन नहुने,

(१२) आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक तथा लाउडस्पिकर र ध्वनी उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न नहुने,

(१३) निर्वाचन प्रचार प्रसारको क्रममा मोटरसाइकल लगायत मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरुगाडा जस्ता सवारी साधनको र्‍याली गर्न वा गराउन नहुने ।

℘**(ख) <u>सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण</u> :**

(१) प्रतिनिधि सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा चारवटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चारवटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

→(१क) राष्ट्रिय सभा सदस्य पदको लागि हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा चारवटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चारवटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

⊇(१ख) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा चारवटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चारवटा मोटरसाइकल प्रयोग गर्न सक्ने,

(२) प्रदेश सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा दुईवटा

---

℘ तेस्रो संशोधनद्वारा संशोधित

→ चौथो संशोधनद्वारा थप

⊇ पाँचौं संशोधनद्वारा थप

चारपाङ्ग्रे हलुका सवारी साधन र चारवटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुई वटा घोडा प्रयोग गर्न सक्ने,

(३) →प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको लागि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने राजनीतिक दलले निर्वाचन अधिकृतको अनुमति लिई एउटा जिल्लामा बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

(४) उपखण्ड ∠(१), (१क), (१ख), (२) र (३) बमोजिम सवारी साधनको प्रयोग गर्नुअघि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले त्यस्तो सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,

(५) उपखण्ड (४) बमोजिम कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधिको निवेदन परेमा निर्वाचन अधिकृतले यस खण्डको अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधन प्रयोग गर्न अनुमतिपत्र प्रदान गर्ने,

(६) उपखण्ड (५) बमोजिम एउटा उम्मेदवार वा दलको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवार वा दलले प्रयोग गर्नु वा गराउनु नहुने,

(७) उपखण्ड (५) बमोजिम प्रदान गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्ने,

(८) ∠नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रीले निर्वाचनको लागि राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रममा भाग लिंदा सरकारी सवारी साधनको प्रयोग गर्न नपाउने,

---

∠ पाँचौं संशोधनद्वारा संशोधित

∠ पाँचौं संशोधनद्वारा संशोधित

(९) [ψ]प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको लागि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रचार-प्रसारको लागि राजनीतिक दलले आफ्नो तर्फबाट तीनजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर प्रयोग गर्न सक्ने,

(१०) राजनीतिक दलले उपखण्ड (९) बमोजिम हेलिकप्टर प्रयोग गर्दा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको निर्वाचन खर्चको सीमा भित्र रही खर्च गर्न पाउने,

(११) स्थानीय तहको कुनै पदको निर्वाचनको प्रचार-प्रसारको लागि उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको सङ्ख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्ने ।

[∅]**(ख१) प्रचार-प्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण :**

(१) [→]प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको लागि हुने निर्वाचनमा राजनीतिक दलले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रशारण गराउन सक्ने,

(२) [→]प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको लागि हुने निर्वाचनमा राजनीतिक दलले पत्रपत्रिकाको माध्यमबाट प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च×७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

---

ψ चौथो संशोधनद्वारा संशोधित

∅ तेस्रो संशोधनद्वारा थप

→ चौथो संशोधनद्वारा थप

(३) प्रतिनिधि सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रशारण गराउन सक्ने,

→(३क) राष्ट्रिय सभा सदस्य पदको लागि हुने निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

⊇(३ख) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चारपटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(४) प्रदेश सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा पैंतालीस सेकेण्डसम्म प्रशारण गराउन सक्ने,

(५) प्रतिनिधि सभा सदस्य पद र प्रदेश सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको

---

⊇ पाँचौं संशोधनद्वारा थप

माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च × ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने,

→(६) राष्ट्रिय सभा सदस्य पदको लागि हुने निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च × ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने,

⊇(७) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च × ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने ।

**(ग) <u>निर्वाचन खर्च सम्बन्धी आचरण</u>** :

(१) उम्मेदवार वा राजनीतिक दलले निर्वाचन खर्चको लागि अलग्गै बैङ्क वा वित्तीय संस्थामा खाता खोली निर्वाचन सम्बन्धी सम्पूर्ण कारोबार उक्त खाताबाट सञ्चालन गर्नुपर्ने,

(२) निर्वाचन खर्चको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताबाट राजनीतिक दलको हकमा विधानबमोजिम र उम्मेदवारको हकमा उम्मेदवार आफैं वा निजको आधिकारिक प्रतिनिधिद्वारा खर्च गर्नुपर्ने,

(३) उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको भन्दा बढी खर्च गर्न नपाउने,

(४) निर्वाचन प्रयोजनको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताको सञ्चालन तथा कारोबार पारदर्शी हुनुपर्ने,

---

→ चौथो संशोधनद्वारा थप

(५) उम्मेदवार वा राजनीतिक दलले पाँचहजार रुपैयाँभन्दा बढी चन्दा लिँदा बैङ्क वा वित्तीय संस्था मार्फत लिनुपर्ने,

(६) उम्मेदवार वा राजनीतिक दलले चन्दाको रुपमा नगद लिएमा चन्दा दिने व्यक्ति वा संस्थालाई सो रकम बुझेको रसीद वा भरपाई दिनुपर्ने,

(७) उम्मेदवार वा राजनीतिक दलले गरेको खर्चको अनिवार्यरुपमा बील भरपाई राख्नुपर्ने,

(८) उम्मेदवार वा राजनीतिक दलले निर्वाचनमा भएको खर्चको सम्पूर्ण विवरण प्रचलितकानूनमा तोकिएको समयभित्र आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने,

(९) उम्मेदवार वा राजनीतिक दलले बुझाएको निर्वाचन खर्चको विवरण सन्तोषजनक नदेखिई आयोगले उक्त खर्चको बील भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सम्बन्धित उम्मेदवार वा राजनीतिक दलले सक्कल बील भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने ।

**(घ) मौन अवधिमा पालना गर्नुपर्ने आचरण :**

(१) निर्वाचन प्रचार प्रसार गर्न र मत माग्न नहुने,

(२) मौन अवधि शुरु हुनुभन्दा अगाडि मतदानकेन्द्रको ३०० मिटर वरिपरी राखिएका आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार र प्रसारका सामग्री हटाएको हुनुपर्ने,

(३) एस.एम.एस, फेसवुक, भाईवर जस्ता बिद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक संजालमार्फत मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने,

∝(४) .........

(५) उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने ।

∝ तेस्रो संशोधनद्वारा झिकिएको

**(ङ) मतदानको दिन पालना गर्नुपर्ने आचरण** :

(१) मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनुपर्ने,

(२) मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने,

(३) मतदान केन्द्रमा रहेको राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले ⊇कुनै दल वा उम्मेदवारको नाम, निर्वाचन चिन्ह वा सङ्केत नभएको पहिरन, परिचयपत्र र व्याचमात्र प्रयोग गर्नुपर्ने,

(४) कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने गर्न नहुने,

तर शारीरिकरुपले अशक्त वा हिँडडुल गर्न नसक्ने मतदाताको लागि मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सकिनेछ ।

(५) उम्मेदवार, मतदाता, प्रचलित कानूनले अनुमति दिएका व्यक्ति, आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने,

(६) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन नहुने ।

**(च) अन्य आचरण :**

(१) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कुल क्षेत्रफल तीनसय वर्गइन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चामात्र प्रयोग गर्नुपर्ने,

(२) उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण र सम्पत्तिसम्बन्धी विवरण उम्मेदवारी दर्ता गर्दा सम्बन्धित निर्वाचन अधिकृतसमक्ष बुझाउनु पर्ने ।

---

⊇ पाँचौं संशोधनद्वारा थप

## परिच्छेद–३

## नेपाल सरकार, ⊇प्रदेश सरकार, स्थानीय तह तथा सार्वजनिक संस्थाले पालना गर्नुपर्ने आचरण

६. **प्रचार प्रसारमा संलग्न हुन नहुने** : ∠नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्नु हुँदैन ।

तर निर्वाचनमा उम्मेदवार भएको मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

७. **नयाँ कार्यक्रम गर्न नहुने** : (१) ∠ नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न वा गराउन हुँदैन ।

(२) ∠ नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न वा गराउन हुँदैन ।

तर प्राकृतिक प्रकोप वा अन्य काबु बाहिरको परिस्थितिमा आयोग वा आयोगले तोकेको पदाधिकारीको अनुमति लिई कार्यक्रम गर्न सकिनेछ ।

८. **भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने** : उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन वा सम्बन्धित व्यक्तिलाई ∠नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाका भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन हुँदैन ।

---

⊇ पाँचौं संशोधनद्वारा थप

∠ पाँचौं संशोधनद्वारा संशोधित

## परिच्छेद–४
## कर्मचारी सम्बन्धी आचरण

**९. पद सृजना, विज्ञापन, सुविधा वृद्धि र पुरस्कार दिन नहुने** : ∠नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थामा नयाँ पद सृजना गर्न, पदपूर्तिको लागि विज्ञापन गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड, अन्य आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्नु हुँदैन ।

तर ℘लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षा सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमितरुपमा हुने पदपूर्तिसम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

**१०. सरुवा, बढुवा गर्न वा काज खटाउन नहुने** : (१) कर्मचारीलाई निर्वाचनको काममा बाहेक अन्यत्र सरुवा, बढुवा गर्न वा काजमा खटाउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम नियमितरुपमा हुने बढुवा तथा पदस्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी कुनै कर्मचारीको सरुवा गर्न वा काज खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट अनुरोध भई आएमा आयोगले उपयुक्त देखी सहमति दिएमा सरुवा गर्न वा काज खटाउन सकिनेछ ।

**११. तटस्थ र निष्पक्ष रहनु पर्ने** : निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही गर्नु पर्नेछ ।

**१२. विदेश भ्रमणमा जानु नहुने** : निर्वाचन अवधिभर मुलुकलाई प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनको लागि ∠ नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा सार्वजनिक पद धारण गरेको व्यक्ति विदेश भ्रमणमा जान हुँदैन ।

---

∠ पाँचौं संशोधनद्वारा संशोधित

℘ तेस्रो संशोधनद्वारा संशोधित

तर विशेष परिस्थिति परी कुनै कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट अनुरोध भई आएमा आयोगले उपयुक्त देखी सहमति दिएमा विदेश भ्रमणमा खटाउन सकिनेछ ।

**१३. <u>निर्वाचन सम्बन्धी जिम्मेवारी दिन नहुने</u>** : (१) विगतको निर्वाचनमा आयोगले कुनै किसिमको कारबाही सिफारिस गरेको वा निर्वाचन सम्बन्धी कसूरमा कुनै अदालतबाट कसूरदार ठहरिएको सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारीलाई निर्वाचनसम्बन्धी कुनै जिम्मेवारी दिइने छैन ।

(२) आयोगले राजनीतिक दलसँग आवद्ध भ्रातृ संस्थाका पदाधिकारी वा सदस्यलाई निर्वाचनसम्बन्धी कुनै जिम्मेवारी दिने छैन ।

## परिच्छेद–५

## आमसञ्चारका माध्यम, ♣निजी तथा गैरसरकारी संस्था र पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

**१४. <u>आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण</u> :** आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण देहायबमोजिम रहेका छन् :-

(क) निर्वाचनसम्बन्धी शिक्षामूलक समाचार र सूचनालाई उच्च प्राथमिकता दिनुपर्ने,

(ख) सूचना वा समाचार तथ्यमा आधारित भई निष्पक्षरुपमा सम्प्रेषण गर्ने,

(ग) पेशागत आचरण एवं मान्यता विपरीत हुने काम कारबाही गर्न नहुने,

(घ) विभिन्न जातजाति सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल नपर्ने गरी सूचना वा समाचार प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

---

♣ दोस्रो संशोधनद्वारा संशोधित

(ङ) राजनीतिक दल तथा उम्मेदवारलाई समान अवसर दिनु पर्ने,

(च) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्न वा गराउन नहुने,

(छ) उम्मेदवार वा राजनीतिक दलको सम्बन्धमा आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी र सशुल्क विज्ञापन भएको जनाउने गरी निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

तर मौन अवधिमा त्यस्तो विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्न पाईने छैन ।

(ज) उम्मेदवार वा राजनीतिक दलको निर्वाचनसम्बन्धी प्रकाशन, प्रशारण वा सम्प्रेषण गरेको प्रत्येक सूचना वा विज्ञापनको मिति र समयको अभिलेख अद्यावधिक राख्नु पर्ने,

(झ) निर्वाचन तथा मतदाता शिक्षा लगायतका सामग्री स्थानीयस्तरमा प्रयोग भइरहेका सबै भाषालाई समेट्ने गरी समानुपातिक आधारमा प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

(ञ) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा आधारहीन सामग्री एस.एम.एस, फेसबुक, ट्वीटर, भाइवर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमा प्रकाशन, प्रशारण वा सम्प्रेषण नगर्ने ।

**१५. *निजी तथा गैरसरकारी संस्थाले पालना गर्नुपर्ने आचरण :** *निजी तथा गैरसरकारी संस्था, सो संस्थाका पदाधिकारी वा कर्मचारीले निर्वाचन अवधिभर पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहेका छन् :-

(क) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी नयाँ नीति कार्यक्रम, उद्घाटन, शिलान्यास लगायत कुनै काम गर्न वा गराउन नहुने,

(ख) उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसारको काम गर्न वा गराउन नहुने ।

**१६.** **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण :** निर्वाचनको पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहेका छन् :-

(क) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी, क्षेत्र र संस्कृतिको सम्मान गर्नुपर्ने,

(ख) निष्पक्ष, तटस्थ र विश्वसनीय भएर पर्यवेक्षण गर्नुपर्ने,

(ग) निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्नु नहुने,

(घ) पर्यवेक्षणको क्रममा आफ्नो पहिचान खुलाउनुपर्ने,

(ङ) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा सार्वजनिकरुपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिप्पणी गर्नु नहुने,

(च) अनुमति प्राप्त क्षेत्रमामात्र पर्यवेक्षण गर्नुपर्ने,

(छ) प्रतिवेदन तयार गर्दा निष्पक्ष ढङ्गले तथ्यमा आधारित भएर गर्नुपर्ने,

(ज) उम्मेदवार, राजनीतिक दल, कर्मचारी वा अन्य व्यक्तिसँग उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने ।

## परिच्छेद–६
## विविध

◆**१७. अनुगमन संयन्त्र** : (१) आयोगले निर्वाचन आचार संहिता कार्यान्वयनका लागि ♣निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिमको अनुगमन संयन्त्र निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएका अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ ।

**१८. कारबाही र सजाय** : कसैले यस आचार संहिताको उल्लङ्घन गरेमा ♣निर्वाचन आयोग ऐन, २०७३ बमोजिम कारबाही र सजाय हुनेछ ।

---

◆ पहिलो संशोधनद्वारा संशोधित

♣ दोस्रो संशोधनद्वारा संशोधित

**द्रष्टव्य :** पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु : “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु

## ψअनुसूची-१
## (दफा ५ खण्ड (ख) को उपखण्ड (४) सँग सम्बन्धित)
## सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
........................................ ।

**विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।**

.......................... पदको निर्वाचनमा ........... राजनीतिक दलले .............. निर्वाचनमा भाग लिएको / ......................... (उम्मेदवारको नाम) ..................... राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार⊇/उम्मेदवार भएकोले निर्वाचनको प्रचार-प्रसारको लागि निर्वाचन आचार संहिता, २०७२ को दफा ५ को खण्ड (ख) को उपखण्ड (६) को अधीनमा रही देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| क्र.सं | सवारी साधनको किसिम र संख्या | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार थान : | | | |
| २. | मोटरसाईकल थान : | | | |
| ३. | घोडा संख्या : | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवार वा राजनीतिक दलको नाम : ...........

उम्मेदवार वा निर्वाचन प्रतिनिधिको नाम : ..................

दस्तखत : ....................................

राजनीतिक दल............... /स्वतन्त्र उम्मेदवार⊇/उम्मेदवार

मिति : .............

ψ चौथो संशोधनद्वारा संशोधित

⊇ पाँचौं संशोधनद्वारा थप

## [ψ]अनुसूची-२
## (दफा ५ खण्ड (ख) को उपखण्ड (५) सँग सम्बन्धित)

निर्वाचन आयोग

**निर्वाचन अधिकृतको कार्यालय**

.........................................

.................................

### <u>सवारी साधनको अनुमतिपत्र</u>

सवारी साधन प्रयोग गर्ने राजनीतिक दलको नाम/उम्मेदवारको नाम, थर : ...

उम्मेदवारको हकमा निजको वतन : ...................................

उम्मेदवारको हकमा सम्बन्धित राजनीतिक दलको नाम : ................./स्वतन्त्र उम्मेदवार[⊇]/उम्मेदवार

सवारी साधनको किसिमः .....................

जीप/कार/भ्यान/मोटरसाइकलको हकमा सवारी साधनको दर्ता नं. :.......

सवारी साधन धनीको नाम, थर : .................................

सवारी साधन धनीको वतन : .....................................

सवारी साधन दर्ता भएको अञ्चल : ..................

अनुमतिपत्र बहाल रहने अवधि : .......................देखि ............ सम्म ।

कार्यालयको छाप

निर्वाचन अधिकृतको :-

दस्तखत :

नाम :

मिति :

---

ψ चौथो संशोधनद्वारा संशोधित

⊇ पाँचौं संशोधनद्वारा थप

# स्थानीय तह निर्वाचन आचार संहिता, २०७३

**आयोगबाट स्वीकृत मिति :**

**२०७३।११।१७**

**प्रस्तावना :** स्थानीय तहको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढंगबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सरोकारवालासँग परामर्श गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम "स्थानीय तह निर्वाचन आचार संहिता, २०७३" रहेको छ ।

(२) यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागू हुनेछ ।

**२** **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनुपर्छ ।

(ख) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(ग) "पर्यवेक्षक" भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "राजनीतिक दल" भन्नाले नेपालको संविधानको धारा २७१ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले धारा २६९ को उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दललाई समेत जनाउँछ ।

(च) “सम्बन्धित व्यक्ति” भन्नाले उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निर्वाचन प्रचार प्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधि वा राजनीतिक दल वा सोको भातृ सङ्गठनको सदस्य वा कार्यकर्तालाई समेत जनाउँछ ।

(छ) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

३. **<u>आचार संहिता लागू हुने</u> :** (१) यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) स्थानीय निकाय/तह,

(ग) स्थानीय निकाय/तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा तत् निकायमा कार्यरत सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,

(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ञ) सार्वजनिक पद धारणा गरेको व्यक्ति,

(ट) पर्यवेक्षक,

(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ड) निजी तथा गैरसरकारी संस्था,

(ढ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति,

(ण) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी ।

(२) आयोगले उपदफा (१) बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग-अलग मितिदेखि यो आचार संहिता लागू हुने गरी तोक्न सक्नेछ ।

४. **निर्वाचनमा सवारी साधन प्रयोग गर्दा पालना गर्नु पर्ने आचरण :** निर्वाचनमा सवारी साधन प्रयोग गर्दा देहायको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन एउटा मोटर साइकल प्रयोग गर्न सक्ने,

(ख) उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल प्रयोग गर्न सक्ने,

तर त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुईवटा घोडा प्रयोग गर्न सक्ने ।

(ग) एउटा उम्मेदवारको नाममा स्वीकृत वा प्रयोग भएको सवारी साधन अन्य उम्मेदवारले प्रयोग गर्न वा गराउन नहुने ।

५. **अनुगमन संयन्त्र :** (१) आयोगले यो आचार संहिता कार्यान्वयनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम अनुगमन संयन्त्र निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने अनुगमन संयन्त्र सम्बन्धी अन्य व्यवस्था निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. **कारबाही र सजाय :** कसैले यस आचार संहिताको उल्लङ्घन गरेमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम कारबाही र सजाय हुनेछ ।

७. **निर्वाचन आचार संहिता, २०७२ लागू हुने :** यस आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुरामा निर्वाचन आचार संहिता, २०७२ मा व्यवस्था भए बमोजिम हुनेछ ।